स्थायी लेखा नं.: ३०३४४३४७४

दर्ता नं.: ५७२/०६५/०६६

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

# DOODH POKHARI SAVING AND CREDIT CO-OPERATIVE LTD.


पोखरा महानगरपालिका-१२, माटेपानी (स्था: २०६५)

फोन नं.: ०६१-५२५०६६, ५२३९७२ | सेवा केन्द्र सिक्लेस फोन: ०६१-४१३०६६


## १४ औं वार्षिक साधारण सभा

# वार्षिक प्रतिवेदन

आ.व. २०७८/०७९

मिति: २०७९ असोज ११ गते, मंगलबार


dpsco12@gmail.com

# शुभकामना

नेपालीहरुको महान चाड **शुभ विजयादशमी** तथा **दिपावली, छठ पर्व-२०७९** को पावन अवसरमा हाम्रा समस्त शेयरधनी एवम् शुभचिन्तकहरुमा सुख, शान्ति सम्बृद्धीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**श्री जंग प्रसाद गुरुङ**

अध्यक्ष एवम्

## दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

**DOODH POKHARI SAVING AND CREDIT CO-OPERATIVE LTD.**

पोखरा महानगरपालिका-१२, माटेपानी

## संस्थाका शेयर सदस्यहरुले जानकारी राख्नुपर्ने विषयहरु:

१) बचत तथा कर्जा बुझाउन सकभर आफै उपस्थित हुने गरौं र कारोबार गरेपछि आफ्नो बचत तथा ऋण पासबुक संस्थाको खातामा भिडाउने गरौं ।

२) संस्थाले रकम संकलन गरी के-के कार्यमा कसरी खर्च गरेको छ थाहा पाइराखौं ।

३) संस्थाले भरपर्दो आम्दानी नगरी कुनै अनावश्यक खर्च गरेको छ कि थाहा पाईराखौं । त्यस्तो गरेको पाइएमा नियन्त्रण गराउन पहल गरौं ।

४) प्रत्येक वर्ष लेखा परिक्षण गरेको नगरेको जानकारी लिऔं ।

५) संस्थाबाट लिएको ऋण आयमूलक कार्यमा लगाई आम्दानीको स्रोट बढाऔं ।

६) प्रत्येक सदस्यहरुको सहकार्यमा संस्था अगाडी बढ्ने हुँदा रचनात्मक सुझाव दिई संस्थालाई प्रगती तर्फ बढाऔं ।

७) संस्थाका पदाधिकारी र कर्मचारीले गरेको कार्यको जानकारी राखौं ।

८) आफ्नो बालबालिकाको फजुल खर्च रोकी उनीहरुको भविष्य उज्जवल बनाउन आजैबाट बाल बचत कार्यक्रममा सहभागी बनौं ।

९) संस्थाले आयोजना गर्ने कार्यक्रमहरुमा सक्रिय सहभागिता जनाऔं ।

१०) संस्थाले प्रवाह गर्ने सेवा तथा सुविधा बारे आफुले पनि बुझौं अरुलाई पनि जानकारी गराऔं ।

## सञ्चालक समितिका पदाधिकारीहरू



**सु. जंग प्रसाद गुरुङ**
अध्यक्ष



**कौशिला गुरुङ**
उपाध्यक्ष



**दान बहादुर गुरुङ**
सचिव



**क्या. शमशेर गुरुङ**
कोषाध्यक्ष



**दिनेश गुरुङ**
सह-सचिव



**जमुना देवी श्रेष्ठ**
सदस्य



**सु. हर्क बहादुर गुरुङ**
सदस्य



**खिम कुमार गुरुङ**
सदस्य



**नारायण प्रसाद गुरुङ**
सदस्य



**गौरी देवी सापकोटा**
सदस्य



**रमा देवी कार्की**
सदस्य

## लेखा तथा सुपरिवेक्षण समितिका पदाधिकारीहरू



**नरकाजी गुरुङ**
संयोजक



**रनसुबा गुरुङ**
सदस्य



**खिम बहादुर जि सी.**
सदस्य

# संस्थामा कार्यरत कर्मचारीहरू



**दुधकाशी गुरुङ**
प्रबन्धक



**रुपा गुरुङ**
ऋण अधिकृत



**पदम गुरुङ**
जुनियर ऋण अधिकृत



**लिल बहादुर गुरुङ**
सेवा केन्द्र प्रमुख



**मंजिता गुरुङ**
क्यासियर



**उर्मिला गुरुङ**
रिसेप्सन



**रविना सिंह ठकुरी**
बजार प्रतिनिधि



**चिन्ता गुरुङ**
बजार प्रतिनिधि



**कविता गुरुङ**
बजार प्रतिनिधि



**लेख बहादुर गुरुङ**
कार्यालय सहायक



**खरसुब्बा गुरुङ**
कार्यालय सहयोगी



**चन्द्र बहादुर गुरुङ**
सुरक्षा गार्ड

## राष्ट्रिय गान

सयौं थुंगा फूलका हामी, एउटै माला नेपाली
सार्वभौम भई फैलिएका, मेची-महाकाली ।

प्रकृतिका कोटी-कोटी सम्पदाको आँचल
वीरहरुका रगतले, स्वतन्त्र र अटल ।

ज्ञानभूमि, शान्तिभूमि तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।

बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।





**सहकारीका मुल्य तथा सिद्धान्तहरुः**

१) **परिभाषाः**

सहकारी संस्था संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रुपमा नियन्त्रित व्यवसाय मार्फत आफ्ना साझा आर्थिक, सामाजिक र साँस्कृतिक आवश्यकता परिपूर्ति गर्न स्वेच्छिक रुपमा एकजुट हुने व्यक्तिहरुको स्वायत्त संगठन हो ।

२) **मुल्यः**

सहकारी संस्थाहरु स्ववालम्बन, स्व-उत्तरदायी, प्रजातान्त्रिक समानता, न्याय र ऐक्यवद्धताका मुल्यहरुमा आधारित छन् । सहकारी संस्थाका सदस्यहरुले ईमान्दारिता, खुलापन, सामाजिक दायित्व र अरुको चासो राख्ने नैतिक मुल्यहरुमा विश्वास राख्दछन् ।

३) **सहकारीका सात सिद्धान्तहरुः**

पहिलो : **स्वच्छिक तथा खुला सदस्यता**
दोस्रो : **सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण**
तेस्रो : **सदस्यहरुको आर्थिक सहभागिता**
चौथो : **स्वायत्तता र स्वतन्त्रता**
पाँचौ : **शिक्षा, तालिम र सूचना**
छैटौं : **सहकारी संस्थाहरु बिच सहयोग**
सातौं : **समुदाय प्रति चासो**

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

पोखरा १२, माटेपानी

**१४ औं वार्षिक साधारण सभा २०७९**

**२०७९ भदौ ११ गते मंगलबार**

**कार्यक्रम तालिका**

| क्र.सं. | समय | कार्यक्रम विवरण |
|---|---|---|
| १. | विहान ९ बजेदेखि १० बजेसम्म | रजिष्ट्रेशन, उपस्थिती पुस्तिकामा हस्ताक्षर, खाजा |
| **प्रथम सत्र (१० देखि १२ बजेसम्म)** | | |
| २. | १० देखि १०:१५ बजेसम्म | अध्यक्षता र आसन ग्रहण |
| ३. | १०:१५ देखि १०:३० बजेसम्म | कार्यक्रम उद्‌घाटन, स्वागत मन्तव्य, राष्ट्रिय गान, सात सिद्धान्त, स्वागत नाच |
| ४. | १०:३० देखि ११:१५ बजेसम्म | सम्मान कार्यक्रम (उत्कृष्ठ बाल बचतकर्ता, उत्कृष्ठ मासिक बचत कर्ता, उत्कृष्ठ कारोबारकर्ता, उत्कृष्ठ कर्मचारी, उत्कृष्ठ बचतकर्ता, शैक्षिक सम्मान) |
| ५ | ११:१५ देखि ११:३० बजेसम्म | अध्यक्षको प्रतिवेदन प्रस्तुत |
| ६. | ११:३० देखि ११:४० बजेसम्म | शुभकामना मन्तव्य |
| ७. | ११:४० देखि ११:५० बजेसम्म | प्रमुख अतिथीको मन्तव्य |
| ८. | ११:५० देखि १२:१५ बजेसम्म | प्रथम सत्रको अन्त्य र चिया वा चिसो |
| **दोश्रो सत्र (शेयर सदस्य मात्र)** | | |
| ९. | १२:१५ देखि १२:२० बजेसम्म | अध्यक्षता ग्रहण |
| १०. | १२:२० देखि १:०० बजेसम्म | सचिव, कोषाध्यक्ष र लेखा समिति संयोजकको प्रतिवेदन प्रस्तुत, छलफल तथा निर्णय |
| ११. | १:०० देखि १:३० बजेसम्म | यस संस्थाको विनियम पुर्नलेखन प्रस्ताव प्रस्तुत, छलफल र निर्णय<br>शेयर लाभाँस र संरक्षित पूँजी फिर्ता कोषको रकम वितरण सम्बन्धमा<br>साधारण सभाको निर्णय पुस्तिका प्रमाणीकरण गर्न प्रतिनिधी छनोट गर्ने सम्बन्धमा<br>संस्था एकिकरण सम्बन्धमा र सञ्चालक, लेखा समितिको बैठक भत्ता सम्बन्धमा । |
| १२. | १:३० देखि १:४० बजेसम्म | आर्थिक वर्ष २०७९।८० को लागि लेखा परिक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण |
| १३. | १:४० देखि २:२० बजेसम्म | सहकारी शिक्षा |
| १४. | २:२० देखि २:३० बजेसम्म | समापन |
| १५. | २:३० देखि ३:३० बजेसम्म | खाना |

# दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.

## Doodh Pokhari Saving & Credit Co-operative Socitey Ltd.

पोखरा १२, माटेपानी

प.सं.: २०७९/०८०
च.न.: ५१

मिति: २०७९/०५/१२

श्री ...................... ज्यू,

**विषय : १४ औं वार्षिक साधारण सभामा उपस्थिती बारे ।**

दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लि.को मिति २०७९ भदौ १२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार तथा सहकारी विभागको मिति २०७९ भदौ ०९ गते जारी भएको निर्देशन बमोजिम संस्थाको १४ औं वार्षिक साधरण सभा तपसिलको विषयबस्तुहरु उपर छलफल गरी निर्णय गर्न निम्न मिति, स्थान, समयमा सम्पूर्ण सदस्यहरुको अनिवार्य उपस्थितीका लागि हार्दिक अनुरोध छ।

**साधारण सभाको छलफलको विषयहरु :**

१. सञ्चालक समितिको तर्फबाट आ.व. ०७८/७९ को वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
२. लेखा सुपेरिवेक्षण समितिको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
३. आ.व. २०७८/७९ को लेखा परिक्षकको प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
४. आ.व. २०७९/८० को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने ।
५. आ.व. २०७९/८० को लेखा परिक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने ।
६. संस्थाको विनियम संशोधन वा पुर्नलेखन सम्बन्धमा
७. आन्तरिक कार्यविधि तथा निर्देशिकाहरु सम्बन्धमा
८. शेयर लाभाँस र संरक्षित पूँजी फिर्ता कोषको रकम वितरण सम्बन्धमा
९. साधारण सभाको निर्णय पुस्तिका प्रमाणीकरण गर्न प्रतिनिधी छनोट गर्ने सम्बन्धमा
१०. संस्था एकिकरण सम्बन्धमा र सञ्चालक, लेखा समितिको बैठक भत्ता सम्बन्धमा ।

**साधारण सभाको कार्यक्रम**

मिति : २०७९ असोज ११ गते मंगलबार
समय : विहान ९ बजे
स्थान : चिउली पाचे तमु समाज, पोखरा १२, चापापानी

**साधारण सभा सम्बन्धि थप जानकारी**

- सम्पूर्ण सदस्यहरुलाई विभिन्न माध्यमबाट सूचना जारी गरिएको छ। कुनै कारणबस साधारण सभाको जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थित हुनका लागि हार्दिक अनुरोध गरिन्छ।
- संस्थाबाट प्रदान गरिने शैक्षिक सम्मान तथा पुरस्कारका (SEE, +2, स्नातक तह र स्नात्तोतर तह) लागि आवश्यक कागजात सहित २०७९ भदौ २६ गतेभित्र पेश गरिसक्नु पर्ने छ।
- थप जानकारीका लागि : सिक्लेश सेवा केन्द्र ०६१-४१३०६६, ९८१८८१०३०३, पोखरा प्रधान कार्यलय ०६१-५२५०६६, ०६१-५२३९७२, ९८५६०३९५३८, ९८१५१८०३०१ मा सम्पर्क गर्न सक्नुहुनेछ।

**दान बहादुर गुरुङ्ग**
सचिव

# १४ औं बार्षिक साधारण सभा कार्यक्रममा

सञ्चालक समितिको तर्फबाट

**कार्यवाहक अध्यक्षको प्रतिवेदन**

१४ औं बार्षिक साधारण सभा कार्यक्रमका प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, शेयर सदस्यज्युहरु, सल्लाहकारज्यूहरु, संचालक समिति, लेखासुपरिवेक्षण समिति र उप-समितिका सदस्यज्यूहरु, कर्मचारीहरु लगायत सम्पूर्ण महानुभावहरुमा मेरो व्यक्तिगत तथा संचालक समितिको तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिबादन ब्यक्त गर्दछु ।

स्थानीय तहमा उपलब्ध पूँजीलाई बचतको माध्यमबाट एकिकृत गरी उक्त पूँजीको परिचालनबाट संस्थामा आवद्ध सदस्यहरुको आर्थिक, सामाजिक तथा शैक्षिक स्तरलाई माथि उठाउदै दिगो र उन्नत भविश्यको लागि आत्मनिर्भरता बनाउने उद्देश्यले वि.सं. २०६५ मंसिर २३ गते तत्कालिन सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कास्कीमा विधिबत रुपमा दर्ता गरी दूध पोखरी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्थापना भएको हो ।

स्थानीय तहका व्यक्तिहरुको स्व-ऐच्छिक सहभागिताबाट उनीहरुको आर्थिक, सामाजिक र शैक्षिक आवश्यकताहरु समानुपातिक रुपमा परिपुर्ति गर्नको लागि सामूहिक स्वामित्व, सुशासन र प्रजातान्त्रिक विधिबाट संचालन तथा व्यवस्थापन गरिएको स्वायत्त संस्था नै सहकारी हो । मानव सभ्यताको प्रारम्भिक कालदेखि नै सामुहिक सहकार्यको विकास तथा अभ्यास हुँदै आएको तथ्य हामी सवैलाई अवगत नै छ । एक जना ब्यक्तिको प्रयासले मात्र हाम्रा आवश्यकताहरु पुर्ति गर्न संभव छैन । सामूहिक सोच, प्रयास, छलफल, सहकार्य, निर्णय र नेतृत्वको आवश्यकता पर्दछ । म होइन हामी, मेरो होइन हाम्रो, एक जनाकोलागि होइन सबैंकालागि भन्ने मुलमन्त्र र भावनाबाट अभिप्रेरित भई सदस्यहरुको वित्तीय तथा गैह-वित्तीय आवश्यकताहरु पुरा गदैं समृद्ध समाज तथा राष्ट्र निर्माणको लागि धन श्रृजना गरी सदस्यहरुको आर्थिक स्थिति फराकिलो तथा मजबुत बनाउने काम सहकारीले गर्छ ।

सहकारीको सिद्धान्त तथा अवधारणालाई ब्यवहारमा मुर्तरुप दिदै सदस्यहरुको आर्थिक, सामाजिक एवं शैक्षिक तथा अल्पकालिन र दिर्घकालिन वित्तीय आवश्यकताहरु परिपूर्ति गर्नका लागि यस संस्थाका बरिष्ठ सदस्य श्रीमती रसकुमारी गुरुङको नेतृत्वमा स्थापना गरिएको यस दूध पोखरी सहकारीले वि.सं. २०६५ बाट वित्तीय कारोबर गर्दै आएको कुरा सबैं सदस्यहरुलाई अवगत नै छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहकारी मूल्य, मान्यता र सिद्धान्त र स्थानीय, प्रादेशिक तथा संघीय सरकारको सहकारी सम्बन्धि ऐन, नियम, कार्यबिधि तथा कार्ययोजनाबाट निर्देशित हुँदै सदस्यहरुको आर्थिक, सामाजिक र शैक्षिक क्षेत्रको बिकासमा योगदान गर्दै सकारात्मक परिवर्तनको पवित्र कार्यमा सम्पूर्ण सदस्यज्यूहरुको सक्रिय सहयोग र सहभागिताले संस्थालाई समुदायको दिगो विकासको लागि उत्कृष्ट सहकारीको रुपमा विकास गर्न सहयोग पुग्ने विश्वास संस्थाले लिएको छ । शेयर सदस्यहरुलाई संस्थाले प्रदान गर्ने सम्पूर्ण सेवाहरु घर दैलोमा पुर्‍याउने, वित्तीय परामर्श, तालिम, सहकारी शिक्षा, आयमुलक सम्बन्धि तालिम, स्वास्थ्य सम्बन्धि सचेतना लगायतका सेवा तथा कार्यक्रमहरु यस संस्थाले संचालन गर्दै आएको ब्यहोरा यहाँहरुलाई पुनः स्मरण गराउन चहान्छु ।

पुर्ण सुशासन, पारदर्षिता, ब्यवसायिक तथा कार्यकुशलता, दिगो तथा गुणस्तरीय साकोस, नीति, बिधि तथा

प्रबिधिबाट निर्देशित भई नमूना साकोस बनाउने अभियानमा हामी निरन्तर रुपमा लागि परेका छौं । हाम्रो अभियानलाई अझ प्रभावकारी बनाउन नेपाल सरकार तथा नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. (नेफस्कुन) ले संयुक्त रुपमा प्रवर्द्धन तथा कार्यान्वयनमा ल्याएको प्रोबेसन ब्राण्ड (PROBATION Brand) कार्यक्रममा हाम्रो साकोस सहभागि भएको छ । यो कार्यक्रममा सहभागि हुनुको मुल उद्देश्य नेपाल गुणस्तर चिन्ह (Brand) पाउनु रहेको छ । यो कार्यक्रम अन्तर्गत हाम्रो संस्थाको वित्तीय अवस्था, सदस्यहरुको बिवरण, आन्तरिक ब्यवासायिक परिवेश, निरन्तर सिकाई तथा वृद्धिको अवस्था, ब्यवासायिक दक्षता तथा कार्यकुशलता, समन्वय तथा सहभागिता र कमजोरी तथा चुनौतीहरु जस्ता महत्वपुर्ण क्षेत्रहरुलाई समेटेर नेफस्कुनबाट नियमित रुपमा अनुगमन, सल्लाह र सुझावहरु प्राप्त गर्दै आएको छ ।

बिश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (Covid-19) को असर चौतर्फी रुपमा परेको कुरा यहाँहरुलाई अवगत नै छ । कोरोना कहरले गर्दा उत्पन्न भएको जटिल परिस्थितिमा बिगतका दुई बर्षहरुको साधारण सभा कार्यक्रम नेपाल सरकारको सहकारी बिभागबाट विभिन्न मितिहरुमा जारी भएको निर्देशनहरुको पुर्ण पालना गर्दै विभिन्न बैकल्पिक उपायहरु मध्ये समूह-समूहमा संस्थाको कार्यालयमा उपस्थित भई सम्पन्न गरिएको व्यहोरा यहाँहरुलाई अवगत नै छ । हाल कोरोना महामारी अलि सहज हुदैं गएको सन्दर्भमा असोज ११ गते मंगलबार पोखरामा साधारण सभा सम्पन्न गर्ने निर्णय गरेको छ ।

आदरणीय शेयर सदस्यहरु, लेखा समितिका सदस्यहरु, सल्लाहकार सदस्यहरु, समिति तथा उप-समितिका सदस्यहरु तथा कर्मचारीहरुको निरन्तर माया, बिश्वास, सहयोग, इमानदारिता तथा सहभागिताबाट हाम्रो साकोसले आ.व. २०७९ को मसान्तमा रु. ७३ करोडको वासलात (Balance Sheet) बनाउन सफल भएको छ । बिस्तृत बिबरण संस्थाबाट प्रकाशित बार्षिक प्रतिबेदनमा संलग्न छ । आदरणीय शेयरसदस्यहरुबाट उठेका जिज्ञासा तथा प्रश्नहरु यस कार्यक्रममा छलफल तथा प्रस्टिकरण गरिनेछ ।

संस्थालाई यो स्थानसम्म ल्याई पुर्‍याउन महत्वपुर्ण र रचनात्मक सल्लाह र सुझाव दिनुहुने आदरणीय सल्लाहकारज्यूहरु, संचालक समिति, लेखा सुपरिवेक्षण समिति तथा उप-समितिका सहकर्मी साथीहरु, कर्मचारीहरु लगायत सम्पुर्ण शेयर सदस्यहरु प्रति हार्दिक अभारी प्रकट गर्दछु ।

अन्तमा, बि.सं. २०७९ सालको बडा दशै, दिपावली, छठ तथा अन्य पर्वहरुको उपलक्ष्यमा समस्त शेयर सदस्यहरु, शुभचिन्तक लगायत सम्पूर्ण महानुभावहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

जय सहकारी
धन्यबाद !

**कौशिला गुरुङ**
कार्यवाहक अध्यक्ष

## सम्पत्ति




## ऋण नोक्सानी कोष व्यवस्था




## शेयर




निक्षेप
६००,०००,०००
४००,०००,०००
२००,०००,०००
-
४०७,०५८,८४१
५९०,६५८,२१७
५८४,६५१,३५२
२०७६/७७
२०७७/७८
२०७८/७९


ऋण लगानी
५००,०००,०००
४००,०००,०००
३००,०००,०००
२००,०००,०००
१००,०००,०००
-
२९५,४४५,१२०
३१७,८९०,३५०
४९२,३५३,६०८
२०७६/७७
२०७७/७८
२०७८/७९


साधारण जगेडा कोष
३०,०००,०००
२५,०००,०००
२०,०००,०००
१५,०००,०००
१०,०००,०००
५,०००,०००
-
१६,३१०,६७५
२२,६६९,१८१
२६,७८६,१९१
२०७६/७७
२०७७/७८
२०७८/७९

# १४ औं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट

कोषाध्यक्षद्धारा प्रस्तुत

**आर्थिक वर्ष २०७८/०७९ को आर्थिक प्रतिवेदन तथा**

**२०७९/०८० को प्रस्तावित बजेट**

१४ औं वार्षिक साधारण सभा कार्यक्रमका सभा अध्यक्षज्यू, प्रमुख अतिथीज्यू, विषेश अतिथीज्यूहरु, सल्लाहकार समितिका सदस्यज्यूहरु, संचालक समिति, लेखा सुपेरिवेक्षण समिति तथा उप-समितिका सदस्यज्यूहरु, कर्मचारी साथीहरु आमन्त्रित पाहुनाज्यूहरु, तथा उपस्थित सम्पूर्ण शेयर सदस्यज्युहरुमा हार्दिक नमस्कार तथा न्यानो सहकारी अभिवादन व्यक्त गर्न  चाहन्छु ।

आदरणिया शेयर सदस्यज्यूहरु आज हामी हाम्रो संस्था दूध पोखरी साकोसको १४ औं वार्षिक साधारण सभा कार्यक्रममा सहभागी भैरहेका छौ । हाम्रो लागि यो समय/यो दिन गौरवको दिन हो । हिजो संस्था स्थापना गर्ने दिनहरुमा संस्थापक अगुवाइ सदस्यहरुलाई के कति समस्याहरुको सामना गर्नु परेको थियो त्यो यहाँहरुलाई थाहा नै छ, मात्र ५२ जना शेयर सदस्यज्युहरुबाट रु. ५,२०,०००/- संकलन शेयर पुँजी परिचालन कसरी गर्ने, के गर्ने, के नगर्ने अन्यौलमा थियो, दोधारमा थियो, आदि आदि समस्याहरु सँग लडिबुडि खेल्दै शुरुवात गरेको यो संस्था आज १४ औं बर्षमा आई पुग्दा हाम्रो वित्तिय विवरणहरु निम्न अनुसार रहेको छ ।

| क्र.सं. | विवरण | आ.ब. २०७७।७८ | आ.ब. २०७८।७९ | फरक | बृद्धि/घटी % |
|---|---|---|---|---|---|
| १. | शेयर पूँजी | ४,७७,२४,१००।०० | ५,८०,३१,२००।०० | १,०३,०७,१००।०० | २१।६० |
| २. | जगेडा कोष | २,२६,६९,१८१।०० | २,६७,८६,१९१।०० | ४१,१७,०१०।०० | १८।१६ |
| ३. | अन्य कोष | १,१५,३१,१३२।६५ | १,३३,१३,४८८।६५ | १७,८२,३५६।०० | १५।४६ |
| ४. | बचत संकलन | ५९,०६,५८,२१६।९६ | ५८,४६,५१,३५१।७९ | ९६०,०६,८६५।१७० | (१।०२ |
| ५. | ऋण लगानी | ३१,७८,९०,३५०।०० | ४९,२३,५३,६०७।६५ | १७,४४,६३,२५७।६५ | ५४।८८ |
| ६. | ऋण जोखिम कोष | १,४६,०९,५७६।१५ | १,८१,१८,२०४।४८ | ३५,०८,६२८।३३ | २४।०२ |
| ७. | पाएको व्याज | ४,३४,१७,०८४।०४ | ५,०१,०९,१०३।९१ | ६६,९२,०१९।८७ | १५।४१ |
| ८. | संचालन बचत (नाफा) | १,७१,७२,२७१।३१ | २,०२,०२,३७६।१२ | ३०,३०,१०४।८१ | १७।६५ |
| ९. | वासलत | ७०,८३,८४,९५८।७३ | ७३,०३,४२,४२०।९१ | २,१९,५७,४६२।१० | ३।१० |
| १०. | सदस्य | २७३९ | ३०९८ | ३५९ | १३।११ |

आदरणीय शेयर सदस्यज्यूहरु आजसम्मको सिकाई बाट हासिल गरेका अनुभव लाई निखार्दै संस्थामा समय सापेक्ष नीति, विधि र प्रविधिको साथ "समुदायको दिगो विकासको लागि उत्कृष्ठ सहकारी संस्था" परिकल्पना लक्षका साथ शेयर सदस्यहरुको गुणस्तरिय जीवन निर्माणको लागि सहकारी सिद्धान्त

अनुसार सम्पूर्ण वित्तिय सेवाहरु प्रदान गर्ने संस्थाको रुपमा स्थापित गरि ती सेवाहरु प्रदान गर्दैछौं, गरिरहेका छौं र भविष्यमा पनि अझ सहज रुपमा गरिरहनेछौ हामीले विश्वास लिएका छौ । यही अनुसार शेयर सदस्यहरुको सम्पूर्ण प्रकारको बचत, आवश्यकता अनुसार कर्जा, रेमीटेन्स सेवा र विशेष गरि सिक्लेस सेवा केन्द्र बाट गाउँका सदस्यहरुलाई आफ्नै घर आँगनमा ती सेवा सुविधाहरु प्रदान गर्न सक्नु हाम्रो लागि ठुलो उपलब्धी को साथ सौभाग्य पनि हो । यो साल देखि सिक्लेस सेवा केन्द्रलाई कानुनी रुपमा स्वीकृति प्राप्त भएको बारे खुशीको खबर सबैलाई अवगत गराउँदछु। यहाँ र गाउँमा हामीले सक्दो हर सेवा दिने प्रयास गरेका छौ यहाँहरुको माया साथ र सहयोग हाम्रो संस्थामा यसरी नै रहिरहने छ भनि पूर्ण विश्वास गर्दछौ । यति भन्दै आ.व. २०७८/०७९ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन र आ.व. २०७९/०८० को प्रस्तावित बजेट प्रस्तुत गर्ने अनुमती चहान्छु ।

१. आ.व. २०७८/०७९ को कोषाध्यक्षको आर्थिक प्रतिवेदन

१.१. आ.वे २०७८/०७९ को प्रस्तावित बजेट र प्रगती

**१.१.१ शेयरको अवस्था**

| क्र. सं. | विवरण | २०७९/०३/३२ सम्मको लक्ष | | २०७९/०३/३२ को प्रगती | |
|---|---|---|---|---|---|
| | | संख्या | रकम | संख्या | रकम |
| १. | शेयर | ३१९९ | ५,६४,९४,१०० | ३०९८ | ५,८२,५७,६०० |
| २. | शेयर स्थानान्तरण (सेवा केन्द्र) | ५४ | २,७५,००० | | २,२६,४०० |
| | **खुद अवस्था** | **३१४५** | **५,६२,१९,१००** | **३०९८** | **५,८०,३१,२००** |

**१.१.२. बचतको अवस्था**

| विवरण | २०७९/०३/३२ सम्मको लक्ष | २०७९/०३/३२ सम्मको प्रगती |
|---|---|---|
| बाल बचत | ९,२३७,१०८।६३ | ८,९४४,४८८।५३ |
| दैनिक बचत | १६,९४३,०७५।५४ | १६,०९६,६७७।५५ |
| दुध पोखरी बचत | ८३,२६८,८५४।८७ | ६९,७६१,७१३।४८ |
| दुध पोखरी विशेष बचत | ४२,९९४,५५५।८८ | १६,६०९,२८४।६९ |
| जेष्ठ नागरिक बचत | २५,२२४,७८२।८६ | ३२,६०१,७९२।१४ |
| नियमित मासिक बचत | २५,७३६,३८४।८८ | २४,५८९,००५।५२ |
| शेयर सदस्य बचत | १५६,८७४,३०१।१७ | ४७,४७१,३८८।३७ |
| कर्मचारी बचत खाता | १६८,०५५।२२ | १२५,५७१।०७ |
| रेमिटेन्स बचत | ५८२,१५५।११ | ६५३,९११।०२ |
| आवधिक बचत | २६६,००२,२६३।५९ | ३६०,९९४,९७४।९० |
| अन्य | ६,९९२,६२०।९८ | ६,८०२,५४४।५२ |
| जम्मा | ६३४,०२४,१५८।७३ | ५८४,६५१,३५१।७९ |

१.१.३. **अनुमानित आय र व्ययको**

| आम्दानी शीर्षक | २०७९।०३।३२ को लक्ष | २०७९।०३।३२ को प्रगती |
|---|---|---|
| ऋण लगानीमा व्याज | ४५,४७१,०८४।०४ | ५०,१०९,१०३।९१ |
| बैक व्याज | १९,६११,७८७।५३ | १८,२४३,२४२।९४ |
| सेवा तथा अन्य शुल्क | ३,६१५,४५०।१८ | ३,९२९,१२४।०० |
| सदस्यता शुल्क | ४२,७५०।०० | ४५,०००।०० |
| घरभाडा आम्दानी | ३२९,५२०।०० | ३८४,४४०।०० |
| हर्जाना आम्दानी | २९१,५०३।७५ | ९८७,४३७।३० |
| अग्रिम भुक्तानी शुल्क | २५८,७०४।०० | ३५६,९९२।०० |
| एस.एम.एस.शुल्क आम्दानी | ४५,०००।०० | ६८,८००।०० |
| कमिशन | ४५८,०००।०० | ३३०,३५२।४८ |
| एस.एम.एस.कमिशन | ७६,९२४।६५ | ७६,६९३।८७ |
| अन्य आम्दानी | ५०,०००।०० | ३३,७९९।८१ |
| लाभांश आम्दानी | ३४८,०६२।३१ | ३८९,९०८।४९ |
| खाताबन्दी शुल्क | ३,५००।०० | २,१००।०० |
| कर्मचारी बोनस | ५१०,९८१।८१ | ५११,८८३।६८ |
| **जम्मा आय** | **७१,११३,२६८।२७** | **७५,४६८,८७८।४८** |
| **खर्च शीर्षक** | **२०७९।०३।३२ को लक्ष** | **२०७९।०३।३२ को प्रगती** |
| पूँजीको लागतः | | |
| बचतमा व्याज | ४४,५३४,४१७।०० | ४८,९३८,९४०।४४ |
| अन्य खर्चहरु | | |
| **पूँजीको लागत (क)** | **४४,५३४,४१७।००** | **४८,९३८,९४०।४४** |
| संचालन खर्चहरुः | | |
| **कर्मचारी खर्च (अ)** | **४,१६६,७८३।१२** | **४,८२९,२०९।७३** |
| कर्मचारी तलब | २,१६५,३९६।०० | २,१६७,०१६।०० |
| संचयकोष | २१६,५३९।६० | २१०,७०१।६० |
| अन्य भत्ताहरु | ६३७,५००।०० | ६४१,०००।०० |
| दशै खर्च | १६४,७८३।०० | १६४,७८३।०० |
| अन्य कर्मचारी खर्च | १००,०००।०० | ९८,६५४।०० |
| कर्मचारी बोनस खर्च | ८८२,५६४।५२ | १,५४७,०५५।१३ |
| **अन्य संचालन खर्च (आ)** | **२,७५७,८१८।००** | **२,६२३,७४०।६०** |
| घरभाडा | ३०३,८०४।०० | ३३४,१०६।०० |
| यातायात तथा ईन्धन | ४१,४००।०० | ७०,११०।०० |
| पानी | ८,४००।०० | १०,६९६।०० |

| | | |
|---|---|---|
| विजुली | ३६,०००।०० | ३३,०५३।०० |
| मसलन्द तथा छपाई | १८९,०००।०० | २०७,८२२।५० |
| सुरक्षा खर्च | | ३७,२९०।०० |
| मर्मत तथा सम्भार | ५४,५००।०० | ४१,९४६।०० |
| बीमा खर्च | ७९,९५४।०० | ७७,४६४।३१ |
| लेखा परिक्षण शुल्क | ११३,०००।०० | ११३,०००।०० |
| ह्रास खर्च | ३५०,०००।०० | ३३५,०१८।३४ |
| सदस्यता शुल्क | २०,०००।०० | ५०,९८२।७४ |
| बैठक भत्ता | २३७,६००।०० | २०५,०००।०० |
| साधारण सभा | ६११,६००।०० | ५०३,०००।०० |
| फोन, संचार, इन्टर्ननेट | ९६,६००।०० | ७७,१७४।३४ |
| खाजा खर्च | १८०,०००।०० | १५९,४१०।०० |
| सफ्ठवयर नवीकरण | १२३,०००।०० | १३८,८७२।५९ |
| क्लाउड खर्च | ७२,०००।०० | |
| एस.एम.एस.कमिशन | ७२,०००।०० | ७६,६९३।८७ |
| कार्यलय खर्च | ७८,०००।०० | ६४,७९७।०० |
| बैक क्लीरिङ्ग खर्च | ९६०।०० | २,०००।०० |
| अन्य खर्च | ५,०००।०० | १७,८०४।०० |
| नीति तथा कार्यविधि तयारी खर्च | | |
| ई-टेलर, Qr-code जस्ता नयाँ नयाँ कार्यक्रमहरु launch गर्ने | १०,०००।०० | |
| प्रोबेशन नवीकरण खर्च | ७५,०००।०० | ६७,५००।०० |
| **संचालन खर्च** (ख=अ+आ) | ६,९२४,६०१।१२ | ७,४५२,९५०।३३ |
| समारोह र उत्सवहरु | २००,०००।०० | २७८,६७६।०० |
| कार्यलय व्यवस्थापन, शिक्षा र तालिम | १५०,०००।०० | ८८,१००।४६ |
| सामाजिक जिम्मेवारी | ८०,०००।०० | |
| **कार्यक्रम खर्च** (ग) | **४३०,०००।००** | **३६६,७७६।४६** |
| जोखिम कोष खर्च | | |
| ऋण जोखिम कोष खर्च | २,८६०,०००।०० | २,८६७,५५५।३३ |
| अन्य जोखिम कोष खर्च | | |
| **जोखिम खर्च** (घ) | **२,८६०,०००।००** | **२,८६७,५५५।३३** |
| **जम्मा खर्च** (क+ख+ग+घ) | **५४,३१९,०१८।१२** | **५९,६२६,२२२।५६** |
| **नाफा** | **१६,७९७,७५०।१५** | **१५,८४२,६५५।९२** |

### १.१.४. थप ऋण लगानीको अनुमान

| विवरण | २०७९।०३।३२ सम्मको लक्ष | २०७९।०३।३२ सम्मको प्रगती |
|---|---|---|
| व्यवासायिक ऋण | ७५,०६९,७५१।०० | ९७,५४६,६६१।७९ |
| शैक्षिक ऋण | ११,३१२,६५४।०० | १८,३०६,८२१।३४ |
| समूह जमानी ऋण | २,९५८,४०६।०० | १,७४१,७०६।७१ |
| हायर पर्चेज ऋण | १३,२२४,०७०।०० | २१,३५७,११४।०४ |
| घर जग्गा ऋण | १९३,४३४,५३२।०० | २४७,८२८,२५४।१६ |
| विविध ऋण | २२,०२८,६६४।०० | ६६,८९८,४६१।१८ |
| व्यक्तिगत ऋण | ८,२३८,६००।०० | ९,६०५,४५४।४१ |
| कृषि ऋण | २,११३,४२४।०० | ४,९४५,२४६।२० |
| बैदेशिक ऋण | ११,९६६,२००।०० | १६,५०८,११८।८२ |
| बचतको आधारमा ऋण | २१,१९८,७१७।०० | ७,५३७,०८३।०० |
| कर्मचारी ऋण | | ७८,६८६।०० |
| **जम्मा** | **३६१,५४५,०१८** | **४९२३५३६०७।६५** |

### १.१.५. स्थायी सम्पत्ति

| क.स. | सम्पत्तिको नाम | संख्या | मुल्य | यो वर्ष थप | कैफियत |
|---|---|---|---|---|---|
| १ | फर्निचर | २ | १०,०००।०० | | |
| २ | कम्प्युटर | २ | ४०,०००।०० | ६६,५००।०० | |
| ३ | प्रिन्टर | २ | ५०,०००।०० | ३८,२००।०० | |
| ४ | मोबाईल बैकिङ्ग | | | | |
| ५ | इन्भर्टर र व्याट्री | १ | | ३८,५१२।०० | |
| ६ | इन्टरकम | १ | | २००,०००।०० | |
| | **जम्मा** | | **११०,०००।००** | **१६३, २१२।००** | |

### १.२. बजेट रकमान्तर

| क्र.सं. | नपुग खर्च शीर्षक | रकम | शीर्षकबाट रकमान्तर | रकम | कैफियत तथा औचित्य |
|---|---|---|---|---|---|
| १. | घरभाडा | ३०,३०२।०० | साधारण सभा | ३०,३०२।०० | |
| २. | यातायात तथा ईन्धन | २८,७१०।०० | साधारण सभा | २८,७१०।०० | ऋण लगानी तथा असुली उपसमितिलाई ईन्धनको व्यवस्था बजेट बनाईसकेपछि गरेकोले |
| ३. | पानी | २,२९६।०० | कार्यलय व्यवस्थापन शिक्षा र तालिम | २,२९६।०० | धारामा पानी कम आएकोले टंयान्करबाट पानी ल्याउन परेकोले |
| ४. | मसलन्द तथा छपाई | १८,८२२।५० | | १८,८२२।५० | पेपरको रेट बढेकोले |
| ५. | सुरक्षा खर्च | ३७,२९०।०० | | ३७,२९०।०० | योजनामा छुटेकोले |

| | | | | | |
|---|---|---|---|---|---|
| ६. | सदस्यता शुल्क | ३०,९८२।७४ | साधारण सभा | ३०,९८२।७४ | मेम्बर लिमिटको खर्च पनि यही शीर्षकमा राखिएकोले |
| ७. | बैक क्लीरियङ्ग चार्ज | १,०४०।०० | कार्यलय व्यवस्थापन शिक्षा र तालिम | १,०४०।०० | ठूलो रकम निकाल्ने क्रम बढेकोले |
| ८. | अन्य खर्च | १२,८०४।०० | साधारण सभा | १२,८०४।०० | रेट र टेक्ससलाई यो शीर्षकमा राखिएकोले |
| ९. | समारोह र उत्सव | ७८,६७६।०० | सामाजिक जिम्मेवारी | ७८,६७६।०० | योजना गरेको भन्दा बढी उपस्थित भएकोले |
| १०. | सफ्ठवयर नवीकरण | १५,८७२।५९ | क्लाउड खर्च | १५,८७२।५९ | क्लाउडको खर्च पनि यही शीर्षकमा राखिएकोले |

### १.३. **आ.व. २०७९/०८० को प्रस्तावित बजेट**

सहकारी संस्था स्थानिय तह मातहहत हुने भएकोले सोको लागि व्यवस्थापन तथा समन्वयले यस संस्था विगतदेखि नै वार्षिक कार्य योजना तथा बजेट तयारी गरी यस सभा समक्ष पेश गरी सोको स्वीकृति गरी कार्यन्वयन गर्दै आएको व्यहोरा अनुरोध गर्दै यस संस्थाको आ.व. २०७९/८० को कार्ययोजना तथा कार्यक्रम र अनुमानित बजेट निम्न अनुसार तयार गरी स्वीकृतिको लागि प्रस्ताव पेश गर्दछु ।

१.३.१ वित्तिय कार्ययोजना

| क्र. सं. | शिर्षक | २०७९ असार मसान्तको वास्तवीक | PEARLS Standard | संस्थाको पर्ल्स अवस्था (२०७९।०३।३२) | यस बर्षको प्रस्तावीत | प्रस्तावित पर्ल्स अवस्था |
|---|---|---|---|---|---|---|
| १ | सदस्य संख्या | ३,०९८।०० | कम्तीमा १५% | १३।११ | ५००।०० | १६।१४ |
| २ | कुल सम्पत्ति | ७३०,२४४,४३८।३८ | मुद्रा स्फिति भन्दा बढी | | ८१७,८७३,७७०।९९ | १२।०० |
| ३ | शेयर | ५८,०३१,२००।०० | १०%–२०% | ७।९५ | ६८,०३१,२००।०० | ८।३२ |
| ४ | सबै कोष | ६२,९५८,२०५।१२ | – | | | |
| ५ | कुल संस्थागत पूँजी | ३३,०५३,१०७।११ | कम्तिमा १०% | ४।५३ | ४२,९६९,०३९।२४ | ५।२५ |
| ६ | बचत निक्षेप | ५८४,६५१,३५१।७९ | ७०%–८०% | ८०।०६ | ६१३,८८३,९१९।३८ | ७५।०६ |
| ७ | बाह्य ऋण | | बढिमा ५% | ०।०० | १०,०००,०००।०० | १।२२ |
| ८ | भुक्तानी दिनुपर्ने | २३,१७८,५०८।९३ | – | | १५,०००,०००।०० | |
| ९ | नगद | १,१५३,२८७।३६ | बढिमा १% | ०।१६ | १,०००,०००।०० | ०।१२ |
| १० | बैंक | २०७,६८३,९५६।४४ | १५% भन्दा बढि | ३५।५२ | २११,८३७,६३५।५७ | ३४।५१ |
| ११ | लगानी | १,६१२,४००।०० | बढिमा ५% | ०।२२ | १,६१२,४००।०० | ०।२० |
| १२ | ऋण लगानी | ४९२,३५३,६०७।६५ | ७०%–८०% | ६७।४२ | ५४१,५८८,९६८।४२ | ७२।०० |
| १३ | प्राप्त गर्न बाँकी | ११,३८५,११५।२१ | – | | १२,०००,०००।०० | |
| १४ | स्थीर सम्पत्ति | १६,१०२,८५८।८० | बढिमा ५% | २।२१ | १६,०७२,७८५।४९ | १।९७ |
| १५ | जम्मा आम्दानी | ७५,४६८,८७८।४८ | | | | |
| १६ | व्याज आम्दानी | ५०,१०९,१०३।९१ | व्याजदर बराबर | १०।१८ | ७०,१५२,७४५।४७ | १२।९५ |
| २७ | अन्य आम्दानी | २५,३५९,७७४।५७ | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १७ | जम्मा खर्च | ५९,६२६,२२२।५६ | | | ७०,७७५,१३९।१९ | |
| १८ | बित्तिय खर्च | ४८,९३८,९४०।४४ | बजारदर बराबर | ८।३७ | ५८,७२६,७२८।५३ | १०।४६ |
| १९ | संचालन खर्च | २,९९०,५१७।०६ | ५% सम्म | ०।४१ | ४,४४४,०१४।६६ | १।०० |
| २० | ऋण सुरक्षण खर्च | २,८६७,५५५।३३ | | | २,६००,०००।०० | |
| २१ | कर्मचारी खर्च | ४,८२९,२०९।७३ | कम्तीमा संचालन खर्चको आधा | १।६१ | ५,००४,३९६।०० | ५५।०० |
| २२ | भाखा नाघेको ऋण (खराब ऋण) | ३०,८८२,५७६।२२ | ५% भन्दा कम | ६ | २५,०००,०००।०० | ५ |
| २३ | ऋणी संख्या | ३३३।०० | | | ५००।०० | |
| २४ | कर्मचारी संख्या | १२।०० | | | १२।०० | |

### १.३.२ **गैर वित्तिय कार्ययोजना**

| क्र.सं. | कार्यक्रम | लक्ष्य |
|---|---|---|
| १ | बचत उत्पादन र प्रयोगकर्ता बृद्धि गर्ने | २ वटा को उत्पादन बढाउने, १०००० वटा खाता बनाउने |
| २ | ऋणका उत्पादनहरु थप गर्ने | २ वटा थप्ने |
| ३ | ऋण सदुपयोगीता अवस्था | २०० जनाको गर्ने |
| ४ | भाखा नाघेको ऋण न्युनीकरण गर्ने | ५५ मा झार्ने |
| ५ | सदस्यलाई प्रदान गरिने तालिम तथा सहकारी तथा बित्तिय शिक्षा | कम्तीमा ६ वटा गर्ने |
| ६ | समितिको बैठक | बढीमा १५ वटा गर्ने |
| ७ | उपसमितिको बैठक | सबैको गरी १२ वटा गर्ने |
| ८ | लेखा समितिको बैठक | ४ वटा गर्ने |
| ९ | साधारण सभा | १ पटक |
| १० | विस्तारित मञ्चको बैठक | ३ पटक |
| ११ | सदस्यको तथ्यांक (KYM) अध्यावधिक | कम्तीमा २००० जनाको गर्ने |
| १२ | संस्था स्थापना दिवस मनाउने | १ पटक |
| १३ | राष्ट्रिय सहकारी दिवस मनाउने | |
| | सरसफाई कार्यक्रम | बिजी हस्पिटलदेखि शितलदेबी मन्दिर परिसर वरिपरि |
| | अन्तरक्रिया कार्यक्रम | १ पटक |
| १४ | सम्मान तथा पुरस्कार | |
| | सदस्य सम्मान (जेष्ठ नागरिक, उत्कृष्ठ बचतकर्ता, उत्कृष्ठ कारोबारकर्ता, उत्कृष्ठ मासिक बचतकर्ता) | ४ जनालाई (मुख्य कार्यलय) २ जनालाई (सिक्लेश सेवा केन्द्रमा |
| | कर्मचारी सम्मान | १ जनालाई |
| | बाल बचतकर्ता सम्मान | १ जना मुख्य कार्यलय, १ जना सिक्लेश सेवाकेन्द्र |
| १५ | प्रबिधिगत परिर्वतन | |
| | टेबलेट बैकिङ्ग गर्ने | ३ वटा टेबलेट बैकिङ्ग गर्ने |

| | | |
|---|---|---|
| | मोबाईल बैंकिङ्ग | यो वर्ष २०० जना थप गर्ने |
| | संस्थाको वेभसाईट बनाउने | एक चोटी |
| | एटिएम मेशिन | शुरुवात गर्ने |
| १६ | भौतिक व्यवस्थापन तथा कार्यालय सामग्री | |
| १७ | कार्यविधि निर्माण तथा संसोधन | |
| १८ | बिनियम संसोधन तथा पुर्नलेखन | खाका तयार भईसकेको त्यसलाई पुर्णता दिने |
| १९ | सदस्य सन्तुष्टि सर्वेक्षण | ३० प्रतिशत सदस्यको गर्ने |
| २० | आवधिक समिक्षा | अर्धवार्षिक र वार्षिक गरी २ वटा गर्ने |
| २१ | COPOMIS अध्यावधिक | १८०० जना नयाँको भर्ने र अध्यावधिक गर्ने |
| २२ | बिप्रेषण सेवा | |
| २३ | थप ब्यवसाय | |
| २४ | सामाजिक कार्यक्रम | |
| | रक्त दान कार्यक्रम | १ वटा |
| | दन्त वा आँखा शिविर गर्ने | १, १ वटा गरी २ वटा |
| | पाठेघर र ब्रेस्ट क्यान्सरको सचेतना कार्यक्रम संचालन गर्ने | ३ वटा |
| | सरसफाई कार्यक्रम गर्ने | १ चोटी |
| | गरीब तथा जेहेन्दार विद्यार्थीलाई झोला, सुईटर वितरण | तीन वटा विद्यालयमा |
| २५ | क्षमता अभिबृद्धि, शीप विकास र तालिम | |
| | बाल बचत क्लबको सदस्यहरुको क्षमता अभिबृद्धि कार्यक्रम | १ वटा |
| | कर्मचारीको क्षमता अभिबृद्धि | दुइ वटा |
| | होमस्टे संचालकहरुलाई फोहर व्यवस्थापन वा अन्य शीर्षकको तालिम | दुइ वटा |
| | सदस्यहरुलाई शीप विकास तालिम | १ वटा |
| | संचालकको क्षमता अभिबृद्धि तालिम | १ वटा |
| | अरुले संचालन गरेको तालिममा सहभागी | चार वटा |
| | अवलोकलन भ्रमण | १ पटक |
| २६ | छपाई तथा प्रकाशन | |
| | क्यालेण्डर छपाई | १००० पिस |
| | पर्चा, पम्प्लेट | ५०० पिस |
| २७ | सहकार्य, समन्वय एवं एकिकरण | विभिन्न संघसंस्था, सरकारी निकाय, छाता संगठनहरुसंग |
| २८ | सम्पत्ति सुद्धिकरण निवारण | TTR/STR प्रतिवेदन नियमित रुपमा पठाउने |
| २९ | उधमशिलता बृद्धि गर्ने | कम्तीमा २ जना सदस्यलाई |

| | | |
|---|---|---|
| ३० | समारोह र उत्सवहरु | |
| | नारी दिवस/तीज | |
| | प्रोबेशन कार्यक्रम समिक्षा | |
| | संस्थापक सदस्यहरुसंग अन्तरक्रिया | |

### १.३.३ संचालन बजेट (२०७९।०८० को अनुमानित आय व्यय विवरण)

| १ | आय Income | मिती २०७९ असार मसान्तको बास्तबिक | मिती ०८० आषाढ अनुमानित |
|---|---|---|---|
| | ऋणको व्याज | ५०,१०९,१०३।९१ | ७०,१५२,७४५।४७ |
| | बैंक व्याज | १८,२४३,२४२।९४ | १२,०००,०००।०० |
| | प्रवेश शुल्क | ४५,०००।०० | ६०,०००।०० |
| | व्यवस्थापन शुल्क | ३,९२९,१२४।०० | ४,८००,०००।०० |
| | घरभाडा आम्दानी | ३८४,४४०।०० | ४०३,६६२।०० |
| | लाभाँश आम्दानी | ३८९,९०८।४९ | ४२८,८९९।३४ |
| | हर्जाना आम्दानी | ९८७,४३७।३० | १,०८६,१८१।०३ |
| | अग्रिम भुक्तानी शुल्क | ३५६,९९२।०० | ४२८,३९०।४० |
| | एस.एम.एस. शुल्क | ६८,८००।०० | ७५,६८०।०० |
| | कमिशन | ४०७,०४६।३५ | ४४७,७५०।९९ |
| | खाताबन्दी शूल्क | २,१००।०० | २,५००।०० |
| | कर्मचारी बोनस | ५११,८८३।६८ | ५२९,१०९।९३ |
| | अन्य आम्दानी | ३३,७९९।८१ | ८०,०००।०० |
| | **जम्मा आय** | **७५,४६८,८७८।४८** | **९०,४९४,९१९।१६** |

| २ | खर्चहरु Expenses | मिती २०७९ असार मसान्तको बास्तबिक | मिती ०८० आषाढ अनुमानित |
|---|---|---|---|
| **क** | **बित्तिय खर्चः** | | |
| | बचतमा ब्याज | ४८,९३८,९४०।४४ | ५८,७२६,७२८।५३ |
| | बाह्य ऋणमा ब्याज | | |
| | अन्य खर्चहरु | | |
| | **जम्मा (क)** | **४८,९३८,९४०।४४** | **५८,७२६,७२८।५३** |
| **ख** | **संचालन खर्चहरुः** | | |
| **ख.१.** | **कर्मचारी खर्च** | | |
| | अन्य कर्मचारी खर्च (ड्रेस र अन्य आवश्यक) | ९८,६५४।०० | ६०,०००।०० |
| | कर्मचारी तलब | २,१६७,०१६।०० | २,५१४,४५०।०० |

| | | | |
|---|---|---|---|
| | कर्मचारी संचय कोष | २१०,७०१।६० | २४६,९४५।०० |
| | कर्मचारी भत्ता | ४९३,५००।०० | ६१५,६००।०० |
| | कर्मचारी यातायात खर्च | १२०,०००।०० | १५६,६००।०० |
| | कर्मचारी संचार खर्च | २७,५००।०० | ३३,३००।०० |
| | दशै खर्च | १६४,७८३।०० | २०९,५३७।०० |
| | कर्मचारी बोनस | १,५४७,०५५।१३ | १,१६७,९६४।०० |
| | **जम्मा ख.१.** | **४,८२९,२०९।७३** | **५,००४,३९६।००** |
| **ख २** | **अन्य संचालन खर्च** | | |
| | घरभाडा | ३३४,१०६।०० | ३६७,५१६।६० |
| | यातायात तथा ईन्धन | ७०,११०।०० | ७७,१२१।०० |
| | पानी | १०,६९६।०० | ११,७६५।६० |
| | विजुली | ३३,०५३।०० | ३६,३५८।३० |
| | दैनिक भ्रमण भत्ता खर्च | | ( |
| | मसलन्द तथा छपाई | २०७,८२२।५० | २२८,६०४।७५ |
| | अतिथी सत्कार | | ( |
| | सुरक्षा खर्च | ३७,२९०।०० | ४१,०१९।०० |
| | मर्मत तथा सम्भार | ४१,९४६।०० | ४६,१४०।६० |
| | बिमा खर्च | ७७,४६४।३१ | ८५,२१०।७४ |
| | लेखा परिक्षण शुल्क | ११३,०००।०० | १२४,३००।०० |
| | ह्रास खर्च | ३३५,०१८।३४ | ३६८,५२०।१७ |
| | सदस्यता शुल्क | १३,६९५।०० | १५,०६४।५० |
| | बैठक भत्ता | २०५,०००।०० | २२५,५००।०० |
| | साधारण सभा | ५०३,०००।०० | ५५३,३००।०० |
| | फोन, संचार खर्च | ७७,१७४।३४ | ८४,८९१।७७ |
| | खाजा खर्च | १५९,४१०।०० | १७५,३५१।०० |
| | एस.एम.एस. खर्च | | - |
| | सफ्ठवयर नवीकरण | १३८,८७२।५९ | १५२,७५९।८५ |
| | क्लाउड खर्च | | - |
| | एस.एम.एस. कमिशन | ७६,६९३।७८ | ८४,३६३।१६ |
| | कार्यलय खर्च | ६४,७९७।०० | ७१,२७६।७० |
| | बैक क्लीरिङ्ग चार्ज | २,०००।०० | २,२००।०० |
| | अन्य खर्च | ४,७०९।०० | ५,१७९।९० |
| | टेबलेट बैकिङ्ग र वेभसाइट निर्माण | | १३०,०००।०० |
| | Rate and taxes | १३,०९५।०० | १४,४०४।५० |

| | | | |
|---|---|---|---|
| | Member limit expenses | ३७२८७७४ | ४१,०१६।५१ |
| | Nefscun renewal cost | ६७,५००।०० | ७४,२५०।०० |
| | **जम्मा ख.२.** | **२,६२३,७४०।६०** | **३,०१६,११४।६६** |
| | **जम्मा (ख)** | **७,४५२,९५०।३३** | **८,०२०,५१०।६६** |
| **ग** | **कार्यक्रम खर्च** | | |
| १ | वार्षिक उत्सव तथा साधारण सभा | | १८०,०००।०० |
| २ | कार्यलय व्यवस्थापन, शिक्षा र तालिम (Office Management , Education and Training) | ८८,१००।४६ | ७८५,४००।०० |
| | अरुले संचालन गरेको तालिममा सहभागी | | ४०,०००।०० |
| | कर्मचारीको क्षमता अभिबृद्धि | | ३५,६००।०० |
| | होमस्टे संचालकहरुलाई फोहर व्यवस्थापन वा अन्य शीर्षकको तालिम | | २२,२००।०० |
| | सदस्यहरुलाई शीप विकास तालिम | | ५४,०००।०० |
| | संचालकको क्षमता अभिबृद्धि तालिम | | २२३,८००।०० |
| | अवलोकन भ्रमण | | ४००,०००।०० |
| | बाल बचत क्लबको बालबालिकाको क्षमता अभिबृद्धि | | ९,८००।०० |
| ३ | समारोह र उत्सवहरु | २७८,६७६।०० | १९०,०००।०० |
| | नारी दिवस | | ९०,०००।०० |
| | प्रोबेशन कार्यक्रम समिक्षा | | ८५,०००।०० |
| | संस्थाको पहिलाको संचालकहरुसंग अन्तरक्रिया | | १५,०००।०० |
| | अर्धवार्षिक र वार्षिक समिक्षा | | |
| ४ | सामाजिक कार्य | - | २७२,५००।०० |
| | रक्त दान कार्यक्रम | | १०,०००।०० |
| | दन्त वा आँखा शिविर गर्ने | | १२०,०००।०० |
| | पाठेघर र ब्रेस्ट क्यान्सरको सचेतना कार्यक्रम संचालन गर्ने | | ४०,०००।०० |
| | सरसफाई कार्यक्रम गर्ने | | २,५००।०० |
| | गरीब तथा जेहेन्दार विद्यार्थीलाई झोला, सुईटर वितरण | | १००,०००।०० |
| | **कार्यक्रम खर्च (ग)** | **३६६,७७६।४६** | **१,४२७,९००।००** |
| ३ | जोखिम कोष खर्च | | |
| | ऋण जोखिम कोष खर्च | २,८६७,५५५।३३ | २,६००,०००।०० |

| | | | |
|---|---|---|---|
| | अन्य जोखिम कोष खर्च | | - |
| | जोखिम खर्च | | - |
| | **जम्मा खर्च (घ)** | २,८६७,५५५।३३ | २,६००,०००।०० |
| | **कुल खर्च (क+ख+ग+घ)** | ५९,६२६,२२२।५६ | ७०,७७५,१३९।१९ |
| | **शुद्ध बचत (अ–आ) नाफा** | १५,८४२,६५५।९२ | १९,७१९,७७९।९७ |

१.३.४. **कोष खर्च बजेट**

| खर्चका शिर्षकहरु | गत बर्ष (अनुमानीत) | गत बर्ष (वास्तवीक) | यस बर्ष (अनुमानीत) |
|---|---|---|---|
| **सहकारी शिक्षा कोष खर्च** | | | |
| सदस्य शिक्षा तथा तालिम | | ३५४,४५९।५५ | ३९९,३८३।३४ |
| संचालक तालिम खर्च | | | |
| होमस्टे संचालकलाई तालिम | | | |
| शिपमुलक तालिम | | | |
| अन्तराष्ट्रिय तालिम | | | |
| सभा, सम्मेलन सहभागीता | | | |
| कर्मचारी तालिम खर्च | | | |
| **जम्मा (क)** | | ३५४,४५९।५५ | ३९९,३८३।३४ |
| **खर्चका शिर्षकहरु** | **गत बर्ष (अनुमानीत)** | **गत बर्ष (वास्तवीक)** | **यस बर्ष (अनुमानीत)** |
| **अन्य कोष खर्च** | | | |
| सेयर लाभांस कोष | | ५,५१७,२७४।१७ | ५,७५०,२७४।७३ |
| संरक्षित पुंजी फिर्ता कोष | | २,०१५,९३०।७५ | ३,०६४,२२९।०८ |
| सहकारी प्रवर्द्धन कोष | | ४२,७६१।०० | १०१,१८७।३५ |
| स्थिरीकरण कोष | | ३००,०००।०० | ३००,०००।०० |
| सदस्य राहात कोष | | | ५०,०००।०० |
| सामुदायिक बिकास कोष | | ४६,९८५।०० | २००,०००।०० |
| सहकारी विकास कोष | | ११८,८२४।०० | ३००,०००।०० |
| अन्य जोखिम व्यवस्थापन कोष | | | |
| **जम्मा (ख)** | | ८,०४१,७७४।९२ | ९,७१५,६९१।१६ |
| **जम्मा खर्च (क + ख)** | | ८,३९६,२३४।४७ | १०,११५,०७४।५० |

**१.३.५. प्रस्तावित पूँजीगत लगानी बजेट**

| शिर्षक | गत वर्षको बास्तबिक | यस वर्ष थप खर्च | यस बर्षको अनुमानित जम्मा |
|---|---|---|---|
| जग्गा | १५,५७१,१२४।३६ | १४०,२६९।७० | १५,४३०,८५४।६६ |
| फनिचर | ८६,८३७।७६ | २१,७०९।४४ | ६५,१२८।३२ |
| दराज (सेवा केन्द्र) | | ५,०००।०० | ५,०००।०० |
| प्लास्टिक कुर्सी (सेवा केन्द्र) | | ७,०००।०० | ७,०००।०० |
| कार्यालय उपकरण | ३९५,१७६।६८ | ९८,७९४।१७ | २९६,३८२।५१ |
| कम्प्युटर | | ४०,०००।०० | ४०,०००।०० |
| नोट काउण्टिङ्ग मेशिन | | ७०,०००।०० | ७०,०००।०० |
| ऋणको फाईलिङ्ग दराज | | ५०,०००।०० | ५०,०००।०० |
| टेबलेट (टेबलेट बैकिङ्ग) | | ७०,०००।०० | ७०,०००।०० |
| अन्य सम्पती | ४९,७२०।०० | ११,३००।०० | ३८,४२०।०० |
| सेवा केन्द्र निमाण | | | |
| **जम्मा** | १६,१०२,८५८।८० | ५१४,०७३।३१ | १६,०७२,७८५।४९ |

अध्यक्षज्यू अन्तमा यस गरिमामय १४ औं साधारणमा आफ्नो अमुल्य समय दिनु भइ कार्यक्रमको शोभा बढाइ दिनु भएकोमा प्रमुख अतिथिज्यू ,अतिथिज्यूहरु, आमन्त्रित पहुनाज्यूहरु र उपस्थित शेयर धनी सदस्यज्यूहरु सबै जनामा पुनः हार्दिक आभार व्यक्त गर्दै यो प्रतिवेदनलाई यस सभामा छलफल गरि अनुमोदनको लागि हार्दिक अनुरोध गर्दै आउदै गरेको विजय दशमी तथा दिपावलीको हार्दिक मंगलमय शुभकामना को साथ यहाँहरुको सुस्वास्थ्य र दिर्घायुको कामना गर्दै विदा हुन्छु। धन्यवाद।

“जय दूध पोखरी सहकारी”। “जय सहकारी”



**कप्तान सम्सेर गुरुङ्ग**
कोषाध्यक्ष

# १४ औं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट

## सचिवद्धारा प्रस्तुत प्रतिबेदन

यस गरिमामय साधारण सभाका अध्यक्षज्यू, प्रमुख अतिथीज्यू, बिशेष अतिथिज्यूहरु, संचालक समिति र उप–समितिका पदाधिकारीज्यूहरु, यहाँ उपस्थित सम्पुर्ण शेयर धनी सदस्यज्यूहरु, पत्रकार मित्रहरु यहाँहरु सबैमा यस संस्थाको संचालक समिति र मेरो तर्फबाट हार्दिक स्वागत एबं अभिबादन गर्न चाहान्छु।

सहकारी सिद्धान्त र मुल्य–मान्यतामा आधारित सामुहिक स्वामित्व, प्रजातान्त्रिक प्राणालीबाट नियन्त्रित र निर्देशित स्वायत्तता उद्यम नै पारदर्शिता र समानताको अर्को ब्यबसाय हो। स्थानिय स्तरमा छरिएर रहेका साना–साना पुजिलाई संकलन गरी स्थानीय तहमै प्रयोग गरि आफ्ना आबश्यकताहरुलाई परिपुर्ति गर्ने, उद्यमी र ब्यबसायी बनाउने राष्ट्रिय तथा अन्तराष्ट्रिय सहकारीको सिद्धान्त अनुसार आर्थिक जीवन स्तरलाई उकास्ने र आत्मनिर्भर बनाउने अभिप्रायले २०६५ सालमा स्थापित यस संस्था आज १४ औं बर्षमा प्रबेशको संघारमा यो साधारण सभा हुन गईरहेको पाउँदा हामी सबै खुसि छौं।

अध्यक्षज्यू, यस संस्थाका समितिका सदस्य साथीहरु, कर्माचारी साथीहरुको निरन्तर प्रयासमा तयार पारिएको आ.ब.२०७८/०७९ को प्रतिबेदन यो गरिमामय साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. **नाफा नोक्सानको स्थिति –:**

संस्थाबाट आर्थिक बर्ष .२०७७/०७८ मा संचालन नाफा १४,२२८,९२६।८७ रहेकोमा २०७८/०७९ मा १५,८४२,६५५।८१ नाफा आर्जन गर्न सफल भएको छ।

२. **जोखिम ब्यबस्थापन –:**

संस्थालाई दिर्घकालिन सम्म जोखिम रहित अबस्थामा राख्नाका लागि सहकारी मापदण्ड २०६८ अनुसार कर्जाका लागि कोष तयार गरेको छ। त्यसको लागि आर्थिक बर्ष २०७८/०७९ सम्म १८,११८,२०४.४७ कोष खडा गरिएको छ।

३. **कार्यलय ब्यबस्थापन शिक्षा तथा मानब संशाधन तालिमहरु**

कार्यलय व्यवस्थापन शिक्षा तथा मानव संशाधन तालिमहरु शीर्षकमा कर्मचारी, संचालक, उपसमितिको क्षमता अभिबृद्धि गर्नको लागि विभिन्न खालको तालिम, कार्यशाला गोष्ठी, अनुशिक्षण, अभिमुखीकरण कार्यक्रम आदि संचालन गरिएको छ।। कर्मचारी ,संचालक समिति, उपसमिति, लेखा सुपरिबेक्षक समितिहरुलाई सक्षम् र त्रियासिल बनाउनाका लागी बिभिन्न तालिम, गोष्ठी, अनुशिक्षण, अभिमुखीकरण कार्यक्रमहरुमा सहभागी गराउने तथा संस्थाले स्वयं आयोजना गर्ने कार्य गरियो। शेयर धनीको लागि सहकारी शिक्षा तथा सहकारी तालिमहरु यस बर्ष सम्पन्न गरीयो।

३.१. संचालकहहरुका लागि आर्थिक वर्ष २०७८।०७९ मा तपसिलको तालिम, गोष्ठी संचालन गरिएको थियो।

| क.स | तालिमको नाम | सहभागिता | समय अबधि | आयोजक |
|---|---|---|---|---|
| १ | आर्थिक बर्ष २०७८/०७९ को लागी बार्षिक योजना तथा बजेट तर्जुमा गोष्ठी | संचालक समिति, उप समिति तथा सल्लहकारहरु | १ दिन | संस्था |
| २ | सहकारी शिक्षा तालिम | नयाँ शेयर सदस्यहरु | १ दिन | संस्था |
| ३ | लेखा तथा सुपरिवेक्षण समिति क्षमता अभिवृद्धि तालिम | लेखा सुपरिवेक्षण समितिको संयोजक र सदस्यहरु | २ दिन | राष्ट्रिय सहकारी महासंघ |

| | | | | |
|---|---|---|---|---|
| ४. | संचालकहरुको क्षमता अभिबृद्धि तालिम | संचालक तथा उपसमितिहरु | ३ दिन | संस्था |
| ५. | स्तन र पाठेघरको मुखको क्यान्सर सम्बन्धी अभिमुखीकरण | महिला सदस्यहरुलाई | १ दिन | संस्था |

३.२. **कर्मचारीहरुले लिएको तालिम बिबरण**

| क.स | तालिमको नाम | सहभागिताको नाम | समय अबधि | आयोजक |
|---|---|---|---|---|
| १ | सहकारीमा कर्जा व्यवस्थापन तालिम भर्चुवल | रुपा गुरुङ्ग | ३ दिन | राष्ट्रिय सहकारी महासंघ |
| २ | पर्ल्स तालिम | रुपा गुरुङ्ग | २ दिन | कास्की बचत तथा ऋण सहकारी संघ लि. |
| ३ | स्टाफ मोटिभेसन तालिम | सम्पूर्ण कर्मचारी | ३ दिन | संस्था |
| ४ | रणनीतिक योजना निर्माण तालिम भर्चुवल | दुध काशी गुरुङ्ग | ३ दिन | राष्ट्रिय सहकारी महासंघ |
| ५ | The Big Cooperatives: Cooperation, Challenges and Possibilities | ,, | १ दिन | कास्की |
| ६ | सहकारीमा महिला र युवाको गुणस्तरिय सहभागिता विषयक लघुगोष्ठी | ,, | १ दिन | राष्ट्रिय सहकारी बैंक |
| ७. | लेखा नीति सम्बन्धि अभिमुखीकरण | मन्जिता गुरुङ्ग | १ दिन | CMC कास्की |
| ८. | करदाता शिक्षा तथा अन्तरक्रिया | मन्जिता गुरुङ्ग र रुपा गुरुङ्ग | आधा दिन | जिल्ला सहकारी संघ र कर कार्यलय |
| ९. | Financial literacy Framework | दुध काशी गुरुङ्ग | १ दिन | नेपाल राष्ट्र बैक |

४. कार्यालय ब्यबस्थापन तर्फ कार्यालयलाई थप सुरक्षित बनाउनको लागि यस आ.ब मा बिभिन्न किसिमका बिमाहरु नवीकरण गरिएको छ। जस्तैः भल्ट बिमा, काउन्टर बिमा, मार्गस्थलमा रहने नगद बिमाको ब्यबस्था का साथै सुरक्षा गार्डको पनि व्यवस्था गरिएको छ। साथै आगलागीबाट जोगाउनका लागि अग्नि प्रतिरोधकको (Fire Instignguisher) को पनि व्यवस्था गरिएको छ।

५. बिभिन्न निति तथा कार्यबिधिहरुको ब्यबस्था
यस आर्थिक बर्ष २०७८/०७९ मा कुनै थप नीतिहरु नबनाइएको।

६. सामाजिक उत्तरदायित्व अन्तर्गत सहयोग तथा कार्यक्रमहरु

- सहकारी संस्थाले सामाजिक उत्तरदायित्व अन्तर्गत यस संस्थाको १३ औं वार्षिक उत्सवको सुखद उपलक्ष्यमा रक्तदान जीवनदान, जीवनदान महादान भन्ने मुल नाराका साथ डा. अस्मिता गुरुङ्गको प्रमुख अतिथ्यतामा रक्त दान कार्यक्रमको आयोजना गरिएको थियो। उक्त रक्तदान कार्यक्रममा ५७ युनिट रक्त संकलन गर्न सफल भएको थियो। उक्त कार्यक्रममा ८४ जना सदस्यज्यूहरुको उपस्थिती रहेको थियो।
- हरेक वर्ष सहकारी दिवसको उपलक्ष्यमा टोल सरसफाई कार्यक्रम अन्तर्गत विजी हस्पिटल प्राङ्गणदेखि शितलदेबी मन्दिर परिसर वरिपरि सरसफाई कार्यक्रम यो वर्ष पनि सम्पन्न गरियो।
- दूध पोखरी बचत तथा ऋण सहकारीले हरेक वर्ष आफ्नो सदस्यहरुको सुखदुखमा सदस्यको घर गई भेटघाट गर्ने कार्यक्रम यस वर्ष पनि गरियो। जानकारीमा आएको सदस्यको आफन्तको मृत्युमा, मरणोन्पान्त

गरिने क्रियाकलापमा, सदस्यको छोरा छोरीको विहेमा, सदस्य स्वयंको विहेमा सहभागी भई सदस्यसंग अन्तरक्रिया गरियो ।

७. शेयर धनी सदस्यहरुको लागी संचालन गरिएको अन्य तालिम तथा कार्यक्रमहरु

- संचालक समिति, लेखा सुपेरवेक्षण समिति र उपसमितिहरु बसी तीन दिने रणनिति योजना कार्यक्रम सम्पन्न गरियो ।
- मिति २०७८ साल असार २५ गते संस्थाको अध्यक्ष श्री सु. जंग प्रसाद गुरुङको अध्यक्षतामा बार्षिक योजना तर्जुमा तथा बजेट निर्माण कार्यशाला गोष्ठि सम्पन्न गरियो ।
- सदस्यज्यूहरुको बालबालिकालाई वित्तिय साक्षरता प्रदान गर्ने उद्देश्यले मादी गाउँ पालिकाको सिक्लेशमा रहेको अन्नपूर्ण मा.वि र खिलाङ्गमा रहेको स्थानापत्ति आधारभूत विदालयको विद्यार्थीलाई सहकारी तथा वित्तिय शिक्षा प्रदान गरियो । उक्त कार्यक्रममा १८७ जना विद्यार्थीहरुको उपस्थिती रहेको थियो ।
- समाजिक न्याय र लैङ्गिक समानता दिगो विकासको लागि सुनिश्चिता भन्ने मूल नाराका साथ ११२ औं अन्तराष्ट्रिय नारी दिवसको उपलक्ष्यमा चिउली पाचे तमु समाजको आमा समितिको अध्यक्ष श्री पदमशोभा गुरुङ्गको अध्यक्षतामा सहकारीको महिला सदस्यहरुलाई केन्द्रित गरी एकदिवसिय सहकारी शिक्षा, स्तन क्यान्सर तथा पाठेघरको मुखको क्यान्सर सम्बन्धि सचेतना कार्यक्रम संचालन गरियो । उक्त कार्यक्रममा ४० जनाको उपस्थिती रहेको थियो ।
- यस वर्ष नयाँ बनेका शेयर सदस्यहरुलाई स्वागत गर्दै सहकारी शिक्षा कार्यक्रम पनि सम्पन्न गरियो । उक्त अवसरमा नयाँ १७ जना शेयर सदस्यको उपस्थिती रहेको थियो ।
- संस्थाको प्रगति समिक्षाको लागि अर्धवार्षिक समिक्षा तथा संचालक क्षमता अभिबृद्धि कार्यक्रम सम्पन्न गरियो ।
- हरेक वर्ष नयाँ वर्षलाई हर्सोउल्लासका साथ मनाउनका लागि यस वर्ष पनि प्रमुख अतिथी डा. हुम गुरुङ्गको प्रमुख अतिथ्यतामा सहकारी शिक्षा तथा नयाँ सदस्य स्वागतका साथ वार्षिक बनभोज कार्यक्रम सम्पन्न गरियो । उक्त बनभोज कार्यक्रममा २१८ जनाको उपस्थिती रहेको थियो ।
- मादी गाउँ पालिका वडा नं. १ सिक्लेस मा सेवा केन्द्र व्यवस्थापन समिति गठन तथा सहकारी शिक्षा कार्यक्रममा जम्मा ४३ जनाको उपस्थितीमा सेवा केन्द्र व्यवस्थापन उपसमिति गठन गरियो ।

८. **प्रोबेशन कार्यक्रमहरु**

- यो आर्थिक वर्षमा विविध कारणले दुईवटा मात्र पाम कार्यशाला गोष्ठी सम्पन्न भएको छ । १४ औं पाम कार्यशाला गोष्ठी हिमचुली साकोसको आयोजनामा गोर्खामा सम्पन्न भएको थियो भने १५ औ पाम कार्यशाला गोष्ठी हितैषी साकोसको आयोजनामा राहुलडाँडा कास्कीमा सम्पन्न भएको थियो । १४ औ कार्यशाला गोष्ठीमा व्यवस्थापक दुधकाशी गुरुङ्ग, ऋण अधिकृत रुपा गुरुङ्ग र प्रोबेशन कार्यदल सदस्य हर्क बहादुर गुरुङ्गले सहभागिता जनाएको थियो । १५ औ कार्यशाला गोष्ठीमा ऋण अधिकृत रुपा गुरुङ्ग र संचालक समिति सदस्य नारायण प्रसाद गुरुङ्गले सहभागिता जनाएको थियो ।
- यो आर्थिक वर्षमा प्रोबेशन कार्यदलको पुर्नगठन गरिएको थियो । ऋण अधिकृत अशोक बस्नेतको राजीनामा पछि नयाँ छनौट भएको ऋण अधिकृत रुपा गुरुङ्गलाई कार्यदल सदस्यको रुपमा छनौट गरिएको थियो । कार्यदलको संयोजकको रुपमा गत वर्षको कार्यदल संयोजक तथा संस्थाको कोषाध्यक्ष क्या.शमशेर गुरुङ्ग र अन्य सदस्यहरुमा संचालक समिति उपाध्यक्ष कौशिला गुरुङ्ग, कार्यसमिति सदस्य हर्कबहादुर गुरुङ्ग, व्यवस्थापक दुधकाशी गुरुङ्ग गरी ५ सदस्यीय कार्यदल रहेको छ ।

- यो वर्ष विविध कारणले गर्दा प्रोबेशन कार्यदलको दुईवटा मात्र बैठक सम्पन्न भएको छ।

९. बैठकहरु

यस आर्थिक बर्ष २०७८/०७९ मा संचालक समितिको नियमित बैठक १२ पटक बसेको छा सयुक्त बैठक ३ पटक र बिशेष बैठक २ पटक गरियो। यस आ.ब २०७८/०७९ मा लेखा सुपरिबेक्षण समितिको ३ पटक र ऋण उप समिति १२८ पटक, शिक्षा उमसमिति ८ पटक युवा उपसमिति ३ पटक र महिला उपसमितिको १ पटक मिटिङ बसेको छ।

१०. **श्राद्धाञ्जली**

आ.ब २०७८/०७९ मा निम्न सदस्यहरुको आफन्त तथा प्रियजनहरुलाई गुमाउनु पर्यो।

- महिला उपसमिति सदस्य श्री सुनमाया गुरुङको आमा स्वा–रुबिना गुरुङ
- शेयर सदस्य श्री सुनमाला गुरुङको श्रीमान स्वा– अशोक गुरुङ
- शेयर सदस्य श्री लिला सुबाको आमा स्वा – कृष्ण कुमारी गुरुङ
- कार्यबाहक अध्यक्ष , संस्थाको उपा अध्यक्ष श्री कौशिला गुरुङको आमा स्वा सिरसुबा गुरुङ
- शेयर सदस्य श्री सुरज कुमार गुरुङको श्रीमती स्वा – लक्ष्मी गुरुङ

दुधपोखरी सहकारीसंग सम्बन्धित परलोक हुनुभएका तर थाहा नभएका शेयर सदस्यहरुको आफन्त परिवारजनहरुको आत्माको चिर शान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा हार्दिक समबेदना प्रकट गर्दछ।

११. **सम्मान कार्यक्रमहरु**

- सहकारी संस्थाको पनि आफ्नै छुट्टै सामजिक उत्तरदायित्व बहान गर्नु पर्ने हुन्छ। यसैलाई मनन गर्दै संस्थाले स्वा २०६९/०७० देखि सामाजिक उत्तरदायित्व तथा सम्मान कार्यक्रमहरु गरि आइरहेको छ।
- यस संस्थाले प्रतेक बर्ष आफ्ना सदस्यहरुबाट उत्कृष्ट सदस्य सम्मान गर्दै आएकोमा गत आ.ब २०७७/०७८ मा उत्कृष्ट बाल बचतकर्ता शुलभ गुरुङ्ग, उत्कृष्ठ कारोबारकर्ता सदस्य श्री असुरुपी गुरुङ्ग, उत्कृष्ठ बचतकर्ता सदस्य श्री सुर्य गुरुङ्ग, जेष्ठ नागरिक बाल कुमारी गुरुङ्ग र उत्कृष्ठ कर्मचारी श्री खिम गुरुङ्ग सेवा केन्द्र प्रमुख र श्री कविता गुरुङ्ग, बजार प्रतिनिधि सिक्लेश सेवा केन्द्रलाई मायाको चिनो तथा प्रमाणपत्र सहित सम्मान गरियो।

अध्यक्षज्यू,

अन्तमा यस गरिमामय साधारण सभामा आफ्नो अमुल्य समय दिइ उपस्थित हुने प्रमुख अतिथिज्यू बिशेष अतिथिज्यूहरु शुभाचिन्तक शेयरधनी सदस्यहरु सबैमा पुन हार्दिक आभार ब्यक्त गर्दै यी प्रतिबेदन यस सभामा छलफल गरी अनुमोदनका लागी हार्दिक अनुरोध गर्दछु। धन्यबाद

जय दुध पोखरी सहकारी

**दान बहादुर गुरुङ्ग**
सचिव

# १४ औं बार्षिक साधारण सभामा

## लेखा सुपरिबेक्षण समितिका तर्फबाट प्रस्तुत

## आ.ब.२०७८/०७९ बार्षिक प्रतिबेदन

सभाका सभा अध्यक्षज्यू, प्रमुख अतिथीज्यू, बिशेष अतिथिज्यू, संचालक समितिका सम्पुर्ण पदाधिकारीज्यूहरु, सल्लाहकार ज्यूहरु,बिभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, सम्पुर्ण शेयर सदस्यज्यूहरु एंव उपस्थित सबै महानुभाबहरुमा लेखा सुपरिबेक्षण समितिको तर्फबाट हार्दिक अभिबादन गर्न चाहान्छु।

यस दुध पोखरी बचत तथा ऋण सहकारी संस्था लि. बि.स. २०६५ सालमा ५२ जना शेयर सदस्यद्धारा स्थापना भई रु.५,२०,०००.०० सानो राशीको रुपमा पूजीं संकलन गरि स्थापना भएको संस्था आज २०७९ आषाढ मसान्त सम्म

- शेयर सदस्य संख्या : ३०९८
- शेयर पूजी : ५८,०३१,२००.००
- निक्षेप संकलन : ५८४,६५१,३५१.७९
- ऋण लगानी : ४९२,३५३,६०७.६५

भएको र सो बचत तथा ऋण परिचालनमा हाम्रो सहकारी सक्षम रहेको यहाँहरु सामु अबगत गराउन चाहान्छु।

१. अघिल्लो साधारण सभाको निर्णयहरु कार्यन्वयनको अबस्था

- यस संस्थाको मिति २०७८ असोज १७ देखी २३ गते सम्पन्न बार्षिक साधारण सभाले गरेका निर्णयहरुको कार्यन्वयन पक्ष उत्तम रहेको र केही निर्णयहरु क्रमिक रुपमा कार्यान्वयन गर्दै रहेको पाइयो।

२. आ.ब.२०७८/०७९ मा बसेको बैठक संख्या र निर्णयहरुको कार्यान्वयन अबस्था

| ऋ.सं. | समिति / उप समिति | बैठक संख्या |
|---|---|---|
| १ | संचालक समिति | १४ |
| २ | लेखा समिति | ३ |
| ३ | ऋण उप समिति | १२८ |
| ४ | शिक्षा उप समिति | ८ |
| ५ | संयुक्त बैठक | ३ |
| ६ | महिला उप समिति | १ |
| | यूवा उप समिति | ३ |

३. कर्मचारी संख्या र भर्ना प्रकृया

- ब्यबस्थापक : १ जना
- ऋण अधिकृत : १ जना
- कनिष्ठ ऋण अधिकृत : १ जना
- क्यासियर : १ जना
- रिसेप्सनिष्ट : १ जना
- कार्यलय सहायक : १ जना
- सुरक्षा गार्ड : १ जना

- बजार प्रतिनिधि : ३ जना
- सेवा केन्द्र प्रमुख : १ जना

४. **पदाधिकारीहरुको पारिश्रामिक, भत्ता र अन्य सुबिधाहरु**

- गत आ.ब.को साधारण सभाको निर्णय अनुसार यस संस्थाका पदाधिकारीहरुलाई कुनै पनि पारिश्रामिक र अन्य सुबिधा प्रदान नगरिएको र मात्र बैठक भत्ता बितरण गरिएको पाइयो ।
    - *संचालकहरु र लेखा सुपेरीवेक्षण समितिको बैठक भत्ता रु १००० मा १५% कर कटाई आउने बांकी रकम रु ८५० प्रदान गरिएको ।*
    - *उपसमितिको बैठक भत्ता रु ८०० मा १५% कर कटाई आउने बाँकी रकम रु ६८० प्रदान गरिएको*

५. **कर्मचारी प्रशासन सम्बन्धी ब्यबस्था**

- संस्थाको मानव संशाधन व्यवस्थापन कार्यविधि भएको पाइयो ।
- मानव संशाधन व्यवस्थापन कार्यविधि प्रयोगमा ल्याइएको पाइयो ।
- कर्मचारी भर्ना नियूक्ति प्रकृया पारदर्शि र प्रतिस्पर्धि भएको पाइयो ।
- कार्यरत कर्मचारी बीच कार्य बोझ तारतम्यता रहेको पाइयो ।

६. **सहकारी बिभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त बिबरण**

- सहकारी ऐन. २०७४, गण्डकी प्रदेश सहकारी ऐन.२०७५, सम्पत्ति शुद्धिकरण निबारण निर्देशिका २०७४ र सहकारी बिभागबाट जारी गरिएको परिपत्र निर्देशन तथा सुचनाहरुको पूर्ण रुपमा समयमा नै पालना गरिएको पाइयो ।

७. गत बर्षको तुलनामा यस बर्ष आम्दानी तर्फ ११.३४% बृद्धि भएको देखिन्छ ।

८. नेफ्स्कुन, बचत तथा ऋण सहकारी संस्थाहरुको छाता संस्थाको सदस्यता लिई आबश्यक तालिम र सहकार्य गरि प्रयोगमा ल्याएको प्रोबेशन कार्यक्रमले संस्थागत बिकासमा टेवा पुगेको देखिन्छ । आगामी दिनमा उक्त कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्ने देखिन्छ ।

- २०७८/०७९ पर्ल्सको बिश्लेशण अध्ययन गर्दा संस्थाको प्रगति संन्तोषजनक देखिन्छ ।

९. पोखरा महानगर पालिका वडा १२ सितलादेबीको कित्ता नं ४९ को १८८.१० बर्गमिटर जग्गा यस संस्थाको नाममा कायम रहेको पाईन्छ ।

१०. **ऋण लगानीको प्रकृया, अबस्था, सुरक्षण वा धितो सम्बन्धी अबस्था**

